नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

प्रेस विज्ञप्ती

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति २०७५।०५।१०

मिति २०७५।०२।२१ गतेका दिन सशस्त्र प्रहरी बल, नेपाल अरुण गुल्म चैनपुर, संखुवासभाको जिन्सी आम्दानीमा रहेको बा. १ ग १६६९ नं. को ट्रक गाडीमा ९२.९८ क्यू. फिट बराबरको १८४ थान सालको चिरान काठ राखेर संखुवासभा जिल्लाको चैनपुरबाट सुनसरी जिल्लाको धरान/ईटहरी तर्फ लैजाँदै गर्दा धनकुटा जिल्लाको साँघुरीगढी गाउँपालिकाको मुलघाटस्थित सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा वेश मुलघाट, धनकुटाबाट ड्यूटीमा खटिएको टोलीले उक्त गाडी सहितको काठलाई नियन्त्रणमा लिएको घटना सम्बन्धमा सशस्त्र प्रहरी बल नेपाल, अरुण गुल्म चैनपुर, संखुवासभाका गुल्मपति आई.डि.नं. २९५३ का सशस्त्र प्रहरी नायव उपरीक्षक रामप्रसाद भण्डारीको संलग्नता रहेको देखिएकोले गृह मन्त्रालय (सचिवस्तर) को मिति २०७५।०२।३० को निर्णयबाट सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ११६ को उपनियम (१) बमोजिम निजलाई निलम्बन गरिएको ।

सो सम्बन्धमा विस्तृत छानबिन गरी सत्यतथ्य पत्ता लगाई दोषी उपर आवश्यक कानूनी कारवाही सिफारिस गर्नका लागि गृह मन्त्रालय (सचिवस्तर) को मिति २०७५।०२।३१ को निर्णयानुसार छानबिन समिति गठन गरिएकोमा उक्त समितिले मिति २०७५।०३।१८ मा प्रतिवेदन पेश गरेको ।छानविन समितिको प्राप्त प्रतिवेदन अनुसार उक्त काठको अवैध ओसार पसारमा निजको संलग्नता रहेको देखिएकोले सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ११८ को उपनियम (१) बमोजिम निज रामप्रसाद भण्डारीलाई सफाई पेश गर्ने मौका दिइएको । निजले पेश गरेको सफाई/स्पष्टिकरण सन्तोषजनक नभई आफ्नो पदीय जिम्मेवारी वहनमा गम्भीर लापरवाही गरी आफू कार्यरत संगठनको मान प्रतिष्ठा एवं छविमा आँच पुऱ्याउने कार्य गरेको देखिएको ।

सशस्त्र प्रहरी बल, नेपाल अरुण गुल्म चैनपूर संखुवासभाको परिसरमा थप नयाँ संरचना बनाउने प्रयोजनार्थ उक्त काठ धरान /ईटहरी तर्फ लगेको भन्ने व्यहोराको स्पष्टिकरण मिति २०७५।०४।११ मा प्रस्तुत गरेतापनि उक्त परिसरमा नयाँ संरचना निर्माण गर्ने प्रकृया सुरु गरेको वा भएको नदेखिएको, चैनपुरबाट धरान/ईटहरी तर्फ उक्त काठ लैजान जिल्ला वन कार्यालय संखुवासभाबाट छुटपूर्जि वा अनुमति कागज लिएको समेत नदेखिएको साथै यसरी नँया संरचना निर्माण गर्ने तथा माथिल्लो कार्यालयलाई जानकारी समेत नदिई प्रचलित कानून बमोजिम आफ्नो पदीय जिम्मेवारी पूरा नगरी गैरकानूनी रुपमा साल प्रजातीको काठ जिल्ला बाहिर ओसार पसार गर्ने कार्यमा संलग्न भएकोले निज निलम्वित सशस्त्र प्रहरी नायव उपरीक्षक रामप्रसाद भण्डारीले सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ११३ को उपनियम (१) को खण्ड (ञ) बमोजिम आफ्नो पदीय जिम्मेवारी वहनमा गम्भीर लापरवाही गरी आफू कार्यरत संगठनको मान प्रतिष्ठा एवं छविमा आँच पुऱ्याउने कार्य गरेको स्पष्ट देखिन आएको हुँदा ऐ. नियमावलीको नियम ११५ को उपनियम (१) को खण्ड (७) ले दिएको अधिकार प्रयोग गरी ऐ. नियमावलीको नियम ११० को खण्ड (ख) (१) बमोजिम निजलाई "भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने" गरी गृह मन्त्रालय (सचिवस्तर) को मिति २०७५।०४।३१ मा निर्णय भएको हुँदा सोही व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।

(रामकृष्ण सुवेदी )

प्रवक्ता